# नेपाली

## (त्रैमासिक)

**२०६८ कात्तिक, मङ्सिर र पुस पूर्णाङ्क १०९**

## मदन पुरस्कार पुस्तकालयको अनुरोध

१. आफ्नो सहर, जिल्ला अथवा गाउँमा कुनै पुस्तक, पत्रिका निस्केको थाहा पाउनुभएको छ भने पुस्तकालयलाई सूचना दिइहाल्नोस् ।

२. निःशुल्क वितरण हुने प्रकाशन (किताब, बुलेटिन, बुकलेट, पर्चा आदि) जे पाउनुहुन्छ, पुस्तकालयलाई सम्झेर पठाइदिनुहोस् ।

३. यस पुस्तकालयलाई नेपाली भाषा र साहित्यको आधिकारिक सङ्ग्रहस्थल बन्न सहयोग गर्नुहोस् ।

४. अब त हामी 'इन्टरनेट'मा पनि पसेका छौं । हाम्रो 'वेबसाइट' www.madanpuraskar.org बाट हामीकहाँ सङ्कलित पुस्तक तथा पत्रिकाहरूको सूची हेर्न सकिने छ । तर त्यो सजिलोसँग हेर्न भने आफ्नो कम्प्युटरमा 'नेपाली युनिकोड' जडेको हुनुपर्छ । त्यहाँ हेर्दा यहाँ नभएका तपाईंहरूका केही पुस्तकहरू भेटिए हामीलाई पठाइदिनुहोस् । हामी तत्काल तिनलाई सूचीकृत गर्ने छौं ।

५. हाम्रो ठेगाना हो-

मदन पुरस्कार पुस्तकालय, पोस्ट बक्स नं. ४२
श्रीदरबारटोल— ४४७०२, ललितपुर, नेपाल ।
फ्याक्स नं.— (+९७७)-१-५५३६३९०
इ-मेल- info@mpp.org.np

**–पुस्तकालयाध्यक्ष**

## मदन पुरस्कार पुस्तकालयको पाना

# रामहरि शर्माको चिठी

'जिउँदा सहिद' भनेर चिनिएका सन्तानब्बे सालको राजकाजी मुद्दाका एक जना अग्रणी व्यक्ति हुन् रामहरि शर्मा (नेपाल) । उनी त्यस मुद्दामा या त झुन्ड्याइन्थे अथवा गोली खान्थे तर बाहुन भैदिएकाले बाँचे, टङ्कप्रसाद आचार्यसँगै । पुष्करनाथ उप्रेती अर्का सजाय खाने कार्यकर्ता हुन् प्रजापरिषद्का । उनी पनि त्यसै मुद्दामा आजन्म कैद तथा जायजाद सर्वस्व भएका प्राणी हुन् । सात सालको क्रान्तिले उनीहरूलाई जेलमुक्त गराएको थियो । पछि राजा महेन्द्रको प्रपञ्चमा यी दुवैले पञ्चायत-प्रवेश गरे । र त्यसले उनीहरूलाई केही भौतिक लाभ त भयो तर मनको सुख उनीहरूलाई प्राप्त भएन भन्ने बुझिन्छ । यी दुवैका विषयमा प्रजातन्त्र प्राप्तिपछि जीवनी र अभिनन्दनका पुस्तकहरू पनि प्रकाशित भएका देखिन्छन् । ती कुरा ऐले हाम्रो सरोकारको विषय होइन । प्रसङ्ग हो यी दुईका बिचको माया-सम्बन्धको । रामहरि शर्माको पुष्करनाथसँग भाइ–छोरा जस्तो सम्बन्ध रहेछ । नाता-साइनो केही नभएर पनि त्यतिका वर्ष झ्यालखाना (भद्रगोल जेल) मा सँगै बसेकाले होला रामहरि पुष्करनाथलाई तिमीमात्र होइन 'तँ' भनेर बोलाउँदा रहेछन् । अत्यन्त निकट नभई यस्तो सम्बोधन साधारणतः गरिँदैन । यो कुरो हामीलाई बोध हुन्छ हालै मपुपु-मा आइपुगेको रामहरि शर्माको एउटा हस्तलिखित पत्रबाट । शर्माजी नेपाली राजदूत भएर पश्चिम जर्मनी (बोन) मा बसेका बेला उनले उप्रेतीलाई पठाए एउटा

*(बाँकी पृष्ठ ४२ मा)*

# महाकविको साहित्यमा गणित

*– इन्द्रनाथ अर्ज्याल*

सानो छँदै हेमन्तले विद्यालयमा पुरस्कारको रूपमा पाएको साह्रै मसिनो पुस्तक मेरो गणितै गणितका पुस्तकहरूको समूहमा कुन सट्का हुलिदिएछ थाहा भएन तर त्यो वस्तु मेरो आँखा अगाडि पर्दा झन्डै २५ वर्ष भएको थियो । लक्ष्मीप्रसाद देवकोटाले रचना गरेको झ्याउरे-काव्य मुनामदन थियो त्यो । त्यसको निलो जिल्लाको अर्कोपट्टि टाँसिएको अङ्ग्रेजी भाषामा छापिएको पुरस्कारको पुर्जामा भर्नुपर्ने सबै खाली ठाउँमा मेरो हस्ताक्षर थियो । उनले उक्त काव्यमा 'यो फुलिजाओस् यो फैलिजाओस' लेखे अनुसार डाँडा, पहाड, झोपडी, खोपी प्रायः सबै ठाउँमा पुगेको नेपाली साहित्यको त्यस्तो पुस्तक आफ्नो छोरालाई पार्ने अनि उसले त्यो वस्तु गणितका पुस्तकहरूको समूहमा घुसारिदिने अनि म अहिले गणितीय दृष्टिकोणले तिनै देवकोटाका कृतिहरू हेर्दै हुने छु भन्ने कुरा त्यस समयमा मलाई नै थाहा थिएन । तर त्यस्तै हुन गयो । आखिर त्यो पाटन हाई स्कुलमा साहित्यको त हुँदै होइन, नेपाली भाषा पढाउने शिक्षक पनि होइन, बरु अङ्कगणित बीजगणित, रेखागणित वा अरू कुनै गणित पनि किन नहोस्, नबुझिएर अथवा बुझ्ने चेष्टा नगरिएरै छायाँमा नै परिरहँदै आएको गणितशास्त्रको शिक्षक थिएँ म । निरस र टर्रो विषयमा गणना गरिने गणित पुस्तकहरूबिच सरस साहित्यको त्यो एक्लो पुस्तक त्यो लामो अवधिभर जहाँको त्यहीं रहेको रहेछ ।

देवकोटाले कतै लेखेका छन्– "रातको ट्युसनपछि दुईदुई

घण्टा लगाएर चार दिनमा मुनामदन काव्य लेखें । परीक्षाको लागि घरका सुवासिनी मान्छेहरूलाई पढेर, गीत गाएर सुनाउँदा उनीहरूको आँखाबाट आँसु धारा धारामा खसेको देखेर काव्यको करुणरस सफल भएको जस्तो लाग्यो । त्यसलाई छपाएँ ।" त्यसको आठौं संस्करणमा छापिएको ५००० थान मध्ये हेमन्तले पाएको रहेछ त्यही एक थान । काव्यकारले भूमिकाको अंशको रूपमा 'यो खेतभित्र बिरुवा रोपें नदेखी खनेको' लेखे जस्तै हेमन्तले त्यो गणित क्षेत्रमा साहित्यको राम्रो बिरुवा रोपी दिएको भन्न मन लाग्छ ।

लक्ष्मीप्रसाद देवकोटा पहिले आई. एस्सी. त्यसपछि अर्थशास्त्र र गणित विषय लिएरै बी.ए. पास भएका हुन् । कलेज स्तरको गणित अध्ययनको प्रभाव साहित्यमा परेको हुन सक्छ भन्ने सम्झी १९९१ साल मार्गमा गोरखापत्रमा छापिएको 'पूर्णिमाको जलधि' शीर्षकको कवितादेखि लिएर २०१६ साल भदौमा शान्तभवन अस्पतालमा लेख्न सक्ने अवस्था नभएको कारण स्व. गोपाल पाँडे असिमलाई लेखाएको 'सङ्कल्प हाम्रो फलोस्' सम्मका पाएजति उनका रचनाहरू उत्साहका साथ एकपछि अर्को हेर्न थालियो ।

कला र जीवन शीर्षकको निबन्धमा उनी अङ्कगणितको फेदै पुगेर लेख्छन्– "एक–एक जोडे दुई हुन्छ भन्ने र सृष्टिको अस्तित्वद्वारा स्रष्टाको अस्तित्व छ भन्ने कुरालाई म दार्शनिक सत्य मान्दछु । साहित्यमा शिवत्व नामको निबन्ध उनी लेख्छन्– "त्यस्तै मनुष्यमा शैशवी लचलचाइको अवस्थामा कविहरू तिनीहरूलाई आ-आफ्नो साँचोमा ढाल्दथे– रामलाई गुन्नोस् सयले, द्रौपदीलाई एक सय दसले, कृष्णलाई हजारले, राधालाई लाखले ।" भाग क्रियाबारे दान शीर्षकको निबन्धमा

लेख्छन्– “जनसङ्ख्याले नेपालको कुल वार्षिक आयलाई भाग गर्नोस्, राणा प्रधानमन्त्रीको भाग त्यति थियो । त्यो भागफललाई जतिले गुणन गरे पनि त्यो इन्साफ बाहिर थियो ।” घटाउने क्रियाको विषयमा पागल शीर्षकको कविताको यो हरफ ‘मेरो गणितमा एकबाट एक झिके एकै बाँकी रहन्छ’ अघि सर्छ । त्यस्तो एकको परिभाषा काव्य मुनामदनमा ‘दुई दिल मिली फुलको बेली’ भेटिन्छ भने पौराणिक नाटक सावित्री सत्यवानमा ‘बेलीका फूलझैं फुल्छन् । प्रेमीका दिल एकमा, अर्को भित्र पसेको छ, एकै रस पिईकन ।’ गीति नाट्य कृषि–बालामा अझ विस्तृत रूपमा । छोटकरीमा भन्नु पर्दा बेलीफुलको रचना मुनामदनमा १, सावित्री–सत्यवानमा २, अनि कृषि बालामा १२ हरफमा बयान गरिएको भेटिन्छ । पछिल्लो कृतिको सुरुमै गाउँमा सानो छँदै नाच्दै खेल्दै गर्दा उषा र किरण दुवैको मनमा एउटै सपना रहेछ बताइएको छ । किरण किसानहरूको नेता हुँदा बैंसे चोली लगाउन थालेकी उषामा गाउँकै तल्सिङ श्रीप्रसादको आँखा लाग्छ । आफूसँग टक्कर लिन सक्ने नेता किरणको गाउँबाट एक साताको अनुपस्थितिको मौका छोपी श्रीप्रसादले उषालाई फकाउन अछेता पैसा छर्नदेखि लिएर अपहरण गरी ओखती सुँघाई बाकसमा राख्नसम्म लगाउँछ । श्रीप्रसादकै घरका केटीहरूको सहयोग पाएर भाग्न सफल भएकी उषा डरले गाउँ नजिकैको वनमा लुक्न पुग्छिन् । उषाकै खोजीमा लागेको किरण गाउँमा नभेटिएकोले त्यही वनमा पुग्छ । दुवैको भेट हुन्छ । यो खुसीयालीमा उनीहरूको बचपनको यो सपना ‘दुई फुल बनौंला एउटै सिङ्गो, एउटै प्यारको सेतो थुँगो, मगमग हुँला बनमा’ बिपना भयो । त्यस्तो जोडी छुटयाउन सकेन श्रीप्रसादले तर त्यस्तै जोडी

मुनामदनबाट कालले मुना लैजाँदा 'ईश्वर ! तैंले रचेर फेरि कसरी बिगारिस् ? सृष्टिको फूल रचेर त्यस्तो कसरी लतारिस् ! त्यो फूल मलाई दिई कसरी पछारिस्' बिलौना गर्न मदन बाँकी रहन्छ । महाकवि देवकोटाको यो सूत्र 'मेरो गणितमा एकबाट एक झिके एकै बाँकी रहन्छ' प्रमाणित भयो । यसरी अङ्क गणितका चार मौलिक क्रिया उनले नेपाली साहित्यमा प्रवेश गराएका छन् । अङ्क गणितपछि अर्को मुख्य गणित रेखा गणित हो, जसका मुख्य तत्त्वहरू विन्दु र रेखा हुन् । ती तत्त्वको लागि उनकै निबन्ध के नेपाल सानो छ ? अघि सर्छ । 'यो सानो टुक्रा हिमाल पहाडको रेखामा सानो कोठा जस्तो लाग्छ । ...... । सानो छ तर स्वर्ग छ; अल्प छ तर आँखो छ; छुट्टा छ तर आफैं विश्व छ; दूर छ तर दूरताको दिव्य जादु ।' त्यस्तै दुइटा रेखाका दुई कुरा । एउटा हो भाँचिएको तर नछुट्टिएको सिन्काको रूपमा, अर्को चाहिँ दुइटा समानान्तर रेखाका रूपमा । 'पापको गुनासो' शीर्षकको कवितामा ती दुई रेखालाई पाप र धर्मको रूपमा लिएर देवकोटा लेख्छन्– विरोध दुईले बन्दछ विश्व, समान-अन्तर रेखा मिल्छन्, तृतीय तत्त्व शाम्यको विन्दु, पुग्दा सारा पाप र धर्म, एकतामा आई गल्छन्, घृणित अस्तित्त्व खै तब मेरो ।' यहाँनिर देवकोटाकै कला र जीवन नामको निबन्धमा 'रेखा गणितको विवेक विरुद्ध उच्चतर गणित भन्दछ, अनन्तमा समानान्तर रेखाहरू भेट गर्दछन्' पढेको सम्झना हुन्छ ।

सुलोचना महाकाव्य तिनतिन जनाको तिन समूह (सुलोचना, विलाससिंह, पटु), (विलाससिंह, सुलोचना, अनङ्ग) र (नोकर, विजुली, तिमिरमर्जन) को संयुक्त पद्यात्मक कथा हो । पहिले नै आफूले प्रेम प्रकट गरिसकेको अनङ्गसँग होइन, बरु

आफ्नो हठी बाबुले चयन गरिदिएको विलाससिंहसँग विवाह हुन पुगेकी सुलोचना एक महिनाभित्रै सौताको रूपमा पटु पाउँछिन् । ती तिन जनाको परस्पर सम्बन्ध देखाउन त्यो महाकाव्यमा चार हरफको एउटा कविता यस्तो छ :

*दोटा रेखा मिले जस्तो*
*हुन्छन् ती एक विन्दुमा*
*पतिको दिलमा जुट्ने*
*आफू फाट्ने अनन्तमा ।*

यो कविताले भाँचिएको तर नछुट्टिएको सिन्का अथवा अङ्ग्रेजी वर्णमालाको २२ औँ अक्षर 'भी' को रूप सम्झाउँछ । दोटा रेखा मिलेको विन्दुमा दुई पटक लगन गाँठो समात्ने विलाससिंह, फाटेकोमा सुलोचना र पटु राख्दा त्यो कविताले जनाएको सम्बन्ध खुल्छ । उक्त कवितामा शब्द पतिको सट्टा पत्नी स्थापन गर्दा दोस्रो समूहको परस्पर सम्बन्ध स्पष्ट हुन्छ । दोटा रेखा मिलेको विन्दुमा तनको गाँठो र मनको गाँठोको अनुभव गर्ने सुलोचना हुन्छिन् भने फाटेकोमा विवाह दोहोऱ्याउने विलाससिंह र विवाह गर्न नपाएका अनङ्ग । अब तेस्रो समूहको कुरा । बालविधवा बिजुली माइतमा पालिएकी हुन्छिन् । उमेरमा उनमा घरको नोकरबाट गर्भ रहन्छ । ऊ भाग्छ । त्यो गर्भ आफ्नो हो दाबी गर्दै सुलोचनाको दाजु तिमिर मर्जन अघि सर्छन् । अब त्यही कवितामा शब्द पतिको बदला बिजुली स्थापन गर्दा तेस्रो समूहको परस्पर सम्बन्ध खुल्छ । यस पटक दोटा रेखा मिलेको बिन्दुमा दानवता र मानवताको अनुभव गर्ने बिजुली हुन्छिन् भने फाटेकोमा नोकर र तिमिर मर्जन । यसरी

सुलोचना महाकाव्यको कथा भाँचिएको तर नछुट्टिएको सिन्काको रूपले प्रतिनिधित्व गर्दो रहेछ भन्न सकिन्छ ।

अन्त्यमा त्यही महाकाव्यको भूमिकाबाट 'यो काव्य कुरैकुराले जन्मिन गयो । भाषानुवाद–परिषद्का अध्यक्ष श्री.मे.क. पुष्कर शमशेर जङ्गबहादुर राणासँग मैले बिन्ती गरेँ– 'एक नेपाली महाकाव्य त म दसै दिनमा तयार गर्न सक्छु ।' उहाँबाट मर्जी भयो– 'दस दिनमा तयार गरन त हेरूँ ।' मैले कम्मर कसेँ ...... अझ होड गरेको थिइनँ, सायद एक दिनभरिमा एउटा लेख्न सक्छु कि भन्ने समेत मलाई आशा छ ।

कस्तूरी मृग आफ्नो नाभिनिरै सुगन्धी बिना भएको थाहा नपाएर त्यसकै खोजीमा दिनभरि भौँतारिए जस्तै महाकवि लक्ष्मीप्रसाद देवकोटा आफूले आधुनिक समाज चित्रण गर्न सुलोचना महाकाव्य प्रतिनिधित्व गर्ने त्यो दुई हरफ गणित दुई हरफ साहित्यको कविता पहिले नै लेख्न बिर्सेर १० दिनमा २८२ पेज लेख्न पुग्छन् ।



# हिन्दी 'हिन्दू' मा नेपाली कविता

*– रघु घिमिरे*

*[रत्न राज्यलक्ष्मी क्याम्पसमा नेपाली पढाइसकेर अवकाश लिएका रघु घिमिरे कवि पिताका पुत्र हुन् । सोमनाथ शर्मा व्यासका माहिला छोरा यिनका समालोचना तथा निबन्धहरूका पुस्तक पनि छापिएका छन् । 'नेपाली' पूर्णाङ्क १८५ मा यिनको एउटा लेख छापिएको छ । 'नेपाली' गुठीका कारण भएका जनरल मदन शमशेरको चर्चा गरेर लेखिएको यो लेख 'नेपाली'मा एकदम उपयुक्त पनि लाग्यो हामीलाई र यसलाई छापिहाल्न हामी हतारियौँ । तर यति हुँदा पनि यसमा उल्लेख भएको एउटा तथ्यलाई सच्याउनुपर्ने देखियो । त्यो के भने, २०१० सालमा छापिएको 'ज. मदन शमशेरको पुण्य स्मृतिमा' भन्ने पुस्तक (मपुपु दर्ता नं. १११०) का लेखक तथा कवि भनी लेखकले स्व. केदारमणि आ. दीक्षितलाई जस दिइएको मिलेन । किनभने २० ओटाभन्दा बढी नियात्राका पुस्तकहरू प्रकाशित गरेका लेखक केदारमणि कवि चाहिँ थिएनन् । त्यो पुस्तिका नै समग्र रूपमा हिन्दी पत्रिका 'हिन्दू' मा छापिएको थियो । त्यो शोक काव्य केदारमणिले लेखेको त्यहाँ देखिन्छ । तथ्य कुरा के हो भने त्यो शोककाव्य केदारमणिकै भाकामा लेखिए तापनि त्यो रचना उनको होइन । उनले भनेका कुरालाई छन्दोबद्ध गरी कवि स्व. विष्णुप्रसाद धितालले लेखेका हुन् । त्यो शोककाव्य पछि कवि धितालकै कविता–सङ्ग्रह 'अर्को नि' मा पनि छापिएको छ । त्यो २०१० सालमा कलकत्तामा छापी प्रकाशित भएको शोक पुस्तिकाका प्रकाशक थिए केदारमणि । तर पुस्तिकामा भने*

*प्रकाशक या लेखक केही नभनी केदारमणि आचार्य दीक्षित मात्र भनिएको थियो । मदन पुरस्कार गुठीका गुठियार केदारमणि २०४५ सालमा रानी जगदम्बाको स्वर्गवास भएपछि २०४८ सालमा उनी नै स्वर्गे नहुन्जेल गुठीका अध्यक्ष थिए भन्ने स्मरणीय छ । – सम्पादक]*

**पृष्ठभूमि**

संस्कृत तथा नेपाली भाषाका विद्वान् नाटककार तथा कवि मेरा पिता पं. सोमनाथ घिमिरे 'व्यास' (१९६८–२०५५) हिन्दी र बङ्गाली भाषामा दक्ष थिए । आफ्नो रुचिका संस्कृत, नेपाली, हिन्दी भाषाका कतिपय पत्रिकाहरूको ग्राहक पनि भएकाले हाम्रो घरमा 'गोरखापत्र', 'शारदा', 'पुरुषार्थ' सँगै भारतका विभिन्न ठाउँबाट 'संस्कृतम', 'सर्वेश्वर' आदि सँगै हरिद्वार भारतबाट प्रकाशित हुने हिन्दी 'हिन्दू' पनि हुलाकबाट आउँथे । यी पत्रिकाहरू टाउकोमा एउटा टुटिल्को उठेको पिउनले ल्याउँथ्यो । धेरैले यो पिउनलाई 'फोके पिउन' भन्ने गरेको पनि मैले सुनेको थिएँ । २००९–१० सालतिर नेपाली र संस्कृतका पुस्तक पढ्न केही जानेको यो लेखकले महिनामा धेरै पल्ट आउने 'गोरखापत्र' र हिन्दी 'हिन्दू'का शीर्षकहरूलाई टाढैबाट पनि चिन्ने भइसकेको थियो । म मात्र नभएर घरका धेरै सदस्यमा यी दुई पत्रिका सुपरिचित पनि भइसकेका थिए । पिताजीको नाउँ छापिएको लेबल टाँसेर आउने हुनाले पनि यी पत्रिकाको आकर्षण बढेको हुन सक्छ ।

हरिद्वारबाट आउने 'हिन्दू' पत्रिका कहिलेदेखि हाम्रो घरमा आउन थाल्यो भन्ने बारेमा तोकेर केही भन्न नसकिए पनि २०५५ सालमा मेरा पिताको देहावसान भइसकेपछि पनि

फाट्टफुट्ट रूपमा यो पत्रिका आउने गर्थ्यो । 'हिन्दू' का प्रधान सम्पादक ठाकुर हरिश्चन्द्र सिंह भारती 'सन्त' पिताजीलाई भेट्न कहिलेकाहीँ हाम्रै घरमा पनि आउँथे । पिताजीसँग कस्तो वार्तालाप हुन्थ्यो भन्ने थाहा नभए पनि केही आर्थिक सहायता लिन अथवा 'हिन्दू' को ग्राहक शुल्क उठाउन हुनुपर्छ भन्ने लाग्छ । 'हिन्दू' को भाषा र त्यसमा छापिने विषयवस्तुले मलाई त्यति आकर्षित गर्न सकेन । झन् पत्रिकाको आवरणको शीर्ष स्थानमा छापिने 'राष्ट्रवादी, सांस्कृतिक तथा क्षात्रत्व प्रधान' भन्ने वाक्यको अर्थ पटक्कै बुझ्दैनथे । त्यसैले हिन्दी 'हिन्दू' भन्दा नेपाली 'गोरखापत्र' नै प्रिय बन्यो ।

अहिले 'त्रिभुवन विश्वविद्यालय' मा नेपाली भाषा साहित्य पैँतिस वर्षसम्म प्राध्यापन गरेर यही साल अवकाश पाएपछि आफ्नो सङ्कलनमा भएका तर छरिएका पुस्तक, पत्रिकालाई मिलाउने क्रममा आफूले बाल्यकालमा देखेको त्यही साप्ताहिक 'हिन्दू' हरिद्वारको पहेँलो गाता भएको एउटा अङ्क देखेँ । 'वर्ष–२२ १६ कार्तिक संवत् २०१३ १ नवम्बर १९५६ ई. अङ्क २९' उल्लेख भएको यो अङ्क मेरा लागि विशेष महत्त्वको पठनीय अङ्क भयो । नेपालको साहित्यिक वाङ्मयिक पुरस्कार जगतमा मानक स्थापित गरेर सर्वाधिक ख्याति जसले कमाएको छ, त्यस्तो 'मदन पुरस्कार' का नामबाट समेत प्रसिद्ध भएका तिनै मदन शमशेर जङ्गबहादुर राणाको पुण्यस्मृतिमा प्रकाशित 'हिन्दू' को यो अङ्क मदन अङ्क रहेछ । यो 'मदन अङ्क' का पानाहरू पल्टाउँदै गर्दा नेपाली भाषाका दुईओटा कविता समेत प्रकाशित भएको देखिन्छ । निकै खुसी लाग्यो । विशेष गरी नेपाली यात्रा साहित्य लेखनमा प्रसिद्ध भएका केदारमणि आ. दी. (१९६१–२०४८) रचित लामो कविताले ध्यानाकर्षण गर्‍यो ।

त्यसपछि नेपाली स्वामीका नाउँमा छापिएको अर्को सानो कविता पनि देखें । आजभन्दा पचपन्न वर्ष पहिले एउटा हिन्दी साप्ताहिक पत्रिकामा प्रकाशित यिनै दुई नेपाली कविका कविताका बारेमा आफ्ना मनमा उठेका केही भावना प्रस्तुत गर्दै छु ।

साप्ताहिक 'हिन्दू' हरिद्वारको १६ कात्तिक २०१३ को यस अङ्कलाई 'मदन अङ्क' भनिएको छ । 'वैकुण्ठवासी स्वनामधन्य हिज हाइनेस श्री ३ महाराजा चन्द्र शमशेर जंगबहादुर राणा नेपाल के उदारमना सुपुत्र स्वर्गीय ले. जे. मदन शमशेर जंगबहादुर राणाकी पुण्यस्मृति में प्रकाशित'– भनिएको यो अङ्कमा सैनिक पोसाक लगाएका मदन शमशेरको चित्र आवरणमा नै छ । सम्पादक हरिश्चन्द्र सिंहले 'नेपालकी एक अमर विभूति' शीर्षक सम्पादकीयमा ...उनका जीवन लक्ष्य था जीओ और जीने दो, जो कुछ कमाओ अपने पर उसका थोडा सा भाग खर्च करो मगर समाजके उस अङ्ग पर ज्यादा कि जिसकी हालत दयनीय है ।' आदि भाव व्यक्त गर्दै श्रद्धाञ्जली व्यक्त गरिएको छ । मदन शमशेरका 'ट्युटर' प्रोफेसर अनिमेषचन्द्र राय चौधरीको मदन शमशेर सम्बन्धी लेख अङ्ग्रेजीमा छ । धन्य हैं वे महन् आत्मायें...' शीर्षकमा सदानन्द जखमोला (सह–सम्पादक) ले आफ्नो श्रद्धा भाव प्रकट गरेका छन् । यसै गरी कमल साहित्यालङ्कार (जिला सूचना अधिकारी) ले कवितामा– 'अमर होता वह दुनिया में जो काम औरों के आता है' भन्दै आफ्नो अभिव्यक्ति दिएका छन् । सदानन्द जखमोलाकै मदनको जीवन चरित्रलाई देखाउने अर्को लेख छ 'नेपाल के यशस्वी महाराज' शीर्षकमा एक जना अनाम व्यक्तिले श्री ३ चन्द्रका जीवन र कतिपय कार्य उल्लेख गरेका

छन् । मदन शमशेरका जीवनका विविध पक्षलाई झल्काउने अर्को लेख पनि रहेको छ । रानी जगदम्बा कुमारी देवीका कतिपय प्रशंसनीय कार्य सम्बन्धित प्रेरणाप्रद लेख समावेश गरिएको छ । यी प्रमुख कविता-लेखसँगै अरू सामान्य स्वनामहरू पनि 'हिन्दू'को यस अङ्कमा रहेका छन् । श्री ३ चन्द्र, मदन शमशेर र रानी जगदम्बा पछि पं. केदारमणि आ. दी. का आकर्षक फोटोहरूले गर्दा यो अङ्क चित्रमय देखिन्छ । मुख्य रूपमा हिन्दी भाषाका रूपमा त्यसपछि नेपाली भाषाका कविताका साथै एउटा अङ्ग्रेजी भाषाको लेख पनि समावेश भएकोले 'हिन्दू'को यो 'मदन अङ्क' त्रैभाषिक समेत भएको छ ।

**पहिलो नेपाली कविता**

'हिन्दू' हिन्दीको यो 'मदन अङ्कमा प्रकाशित पहिलो नेपाली कविता श्री नेपाली स्वामी छोटेबाबा रचित 'श्री मदन स्मृति' शीर्षक भएको दुई श्लोके कविता छ । यसमा श्री मदन शमशेर तथा उनकी आमा बाल कुमारीलाई आधार बनाएर आध्यात्मिक भाव व्यक्त गरिएको छ कविताको थालनी यसरी गरिएको छ–

*श्री विश्वेशपुरी निवासिनी थिइन् बाला कुमारी सती*
*मेरो को के हो यो जीवन र शिवत्व एकत्व मान्ने सती*

अन्तिम दुई पङ्क्ति यस्ता रहेका छन्–

*रवि र शशिका किरण सरी भई मुमा र छोरा दुवै*
*मुक्तात्मा मदन शुभाशिष दिऊन् नेपाल उन्नत बनोस् ।*

## दोस्रो नेपाली कविता

'श्री जनरल मदन शमशेर जङ्गबहादुर राणाको पुण्य स्मृतिमा' शीर्षक राखिएको यस कविताका रचयिता विद्वत्भूषण श्रीमान् पण्डित केदारमणि दीक्षिताचार्य भनिएको छ । कविताको प्रारम्भ यसरी गरिएको छ:–

*'छ्यहत्तर साल मार्गको*
*वदि जाँदा दिन एक जन्म भो*
*शिशुको छवि पूर्ण तेजिलो*
*पटरानीतिर तीन चन्द्रको'*

मदन शमशेरको जीवन चरित्रलाई सुन्दर र सरल शब्दावलीमा वर्णन गरिएको यस कविताको दोस्रो श्लोकमा पिता चन्द्रले पुत्र मदनलाई कति स्नेह गर्थे भन्ने कुरालाई यसरी वर्णन गरिएको छ:–

*गुण गौरवले मनोहर*
*अरु छोरा पनि ता छँदै थिए*
*अनुराग भने नरेशको*
*तर ज्यादा नव बालमा भयो ।*

दस वर्षका किशोर मदनलाई प्रजाले कसरी हेर्थे भन्ने भाव कविले यसरी उतारेका छन् :–

*तर वर्ष नलागदै दस*
*कहिले राजकुमार वारिस*
*भइ दुस्तर काम धानिंदा*
*लिइ आश्चर्य सहाउँथे प्रजा*

उमेर बढ्दै गएपछि मदनले आफ्ना प्रजालाई कसरी हेर्थे भन्ने कुरा बाइसौं र तेइसौं श्लोकमा यसरी व्यक्त भएको छ:–

*निपुणी सब नीतिमा पनि*
*अनि न्यायालयको कमान ली*
*रहँदा हँसिला प्रजा भए*
*न त राजा नभई खुसी भए*
*निमुखा दुनियाँ नियाँ लिई*
*गुण गाई घर फर्कने भए*
*उजुरी नहुँदा कतै पनि*
*अनि सर्कार रमाउने भए*

यस्ता उपकारी दानशील गुणी युवक मदन शमशेरको चौंतिस वर्षमै अकस्मात् देहावसान हुँदाको दु:खद दिनलाई छत्तिसौं श्लोकमा कवि केदारमणिले यसरी चित्रण गरेका छन्:–

*दस साल असार सातको*
*नवमी शुक्ल जुलाइ बीसमा*
*रविको छवि नै विलीन भो*
*किन मध्याह्न अति मलीन भो*

अर्कातिर कविले यसै कवितामा नै मदन शमशेरकी धर्मपत्नी रानी जगदम्बाको वियोग व्यथालाई निकै प्रभावपूर्ण ढङ्गमा चवालिसौं श्लोकमा देखाएका छन्:–

*कुन पाप गरेछु जन्ममा*
*पहिलो, दैव दिँदै छ यातना*
*किन पाउँछु नत्र व्यर्थमा*
*नव वैधव्य, असह्य वेदना*

लाऊँ, खाऊँ, रमाइलो गरूँ भन्ने भावनाले भरिएको युवावस्थामा आफ्नो प्राणभन्दा प्यारा पतिको वियोग खप्नु परेकी एउटी विरहिणी नारी रानी जगदम्बाका मनमा उर्लेका वेदनाका लहरलाई छपन्नौं श्लोकमा मर्मस्पर्शी रूपमा उतारिएको छ:–

*किन प्राण अझै सकीरहे ?*
*किन रोप्दै सुइरा सरी अडे ?*
*म परेँ पछि नाथको निकै,*
*कसरी भेटुँ सवारी आज नै ?*

मदन शमशेरलाई पाँच वर्षको उमेरदेखि नै हेरचाह गर्दै आएका निजी सचिव पण्डित केदारमणि आ.दी. ले आफ्ना प्रिय स्नेही मदन शमशेरलाई गुमाउनुपर्दा चौरासिऔँ श्लोकमा आफ्नो वेदनालाई यसरी प्रकट गरेका छन्:–

*निज पुत्र वियोग तुल्य भो*
*अहिले मालिक स्वर्गवास भो*
*दुगुना मनमा छ वेदना*
*कसरी दैव दिँदै छ ताडना*

सतासी श्लोक भएको यस कविताको अन्त्यमा कवि केदारमणिले यस्तो भाव अघि सारेका छन्:–

*चाहारी सुरलोक लोक घुमने आत्मा मिलोस् शान्तिको*
*पल्लो घाट कपाट विस्तृत खुला राखेर वैकुण्ठको*
*फेरी मानिसको जुनी लिन भनी बाटो नदेऊन् हरि*
*यो संसार छ सार हीन लिनु के फर्केर फेरी पछि*

## अन्त्यमा

कवि केदारमणिले सन्दर्भ र विषय अनुरूप यस कवितामा विशेष गरी श्लोक अनि वेदनापूर्ण उद्गार प्रकट गरेका छन् । आजभन्दा अढाई दशक अघिको एउटा पुरानो हिन्दी पत्रिका 'हिन्दू' मा प्रकाशित यस कविताको आफ्नै छुट्टै किसिमको महत्त्व छ । भारतका प्रमुख तीर्थस्थल मध्येको एक हरिद्वारबाट निस्कने यो पत्रिका २०१३ सालमा २२ वर्षको

भइसकेको थियो । यो हिन्दी साप्ताहिक 'हिन्दू' ले पं. केदारमणि आ.दी.को यो नेपाली कविता प्रकाशित गर्नुभन्दा पहिले कति नेपाली भाषाका रचना छाप्यो भन्ने कुरा त अनुसन्धान गर्न सके मात्र थाहा लाग्ला । 'हिन्दू'को यस अङ्कमा प्रकाशित नेपाली बाबाको सानो कविता र कवि केदारमणि आ. दी. को लामो कविताले नेपाली भाषा साहित्यको उत्थानमा भारतको हिन्दी पत्रिकाले पनि केही योगदान गरेको रहेछ भन्ने सुस्पष्ट हुन्छ ।



# ३६ औं समारोहको श्लाघनियता

*– मदनमणि दीक्षित*

*[नेपाली विद्वान्, प्राज्ञ, पूर्व उपकुलपति तथा मदन पुरस्कार विजेता मदनमणि दीक्षित 'नेपाली'का लागि चिनाइरहनुपर्ने नाम होइन, न त 'नेपाली'ले आफ्ना पाठकहरूका सामु उहाँको परिचय पस्किरहनुपर्ने नाम हो । तर यो लेखको भने एउटा हुलिया दिनै पर्‍यो । आजभन्दा झन्डै दुई दशक अघि १० कात्तिक २०४९ का दिन मदनमणिजीको कलमबाट एउटा निबन्ध कोरिएछ 'नेपाली'का लागि । हुन सक्छ सम्पादकले नै अनुरोध गर्‍यो होला । किनभने त्यसको ठिक २५ दिन पहिले (असोज १५ गते) विद्वान् मदनमणिजी मदन पुरस्कार वितरण समारोहमा उपस्थित थिए र त्यस दिनको कार्यक्रम कस्तो रह्यो भनेर सम्पादकले उनलाई सोध्यो होला । प्रत्युत्तरमा मदनमणिजीको उद्गार थियो होला, 'उत्तम आजसम्मको सबभन्दा राम्रो' भन्ने । त्यसो भए त्यो लिखतमै पाऊँ भन्ने सम्पादकको आग्रहमा यो लेख गुठीमा प्राप्त भएको बुझ्नुपर्छ । तर नबुझिने कुरो के भने त्यसपछि यतिका दिन यो गुठीको फाइलमै किन लुकी बस्यो त्यसको उत्तर कसैसँग नहोला । त्यसै हुँदा त्यो खोजतलास गर्नेतर्फ नलागी हामी लेखको रसास्वादन गर्नेतर्फ लागौं – सम्पादक]*

यो वर्षको १६ असोजको समारोहलाई मदन पुरस्कार गुठीले आफ्ना यस्ता वार्षिक समारोहको ३६ वर्षको इतिहासमा सबैभन्दा गहकिलो, गौरवशाली र ओजस्वी भनेर अङ्कित गर्नु सर्वथा ठिक मूल्याङ्कन ठहरिने छ । यो समारोहमा भएका सबै कार्यलाई मैले स्वागत गर्न नसक्नु सामाजिक सेवा पद्धति

सम्बन्धित मेरा आफ्ना स्थापना र मान्यता हुन् तापनि यो समारोह स्वयंले चाहिँ बौद्धिक क्षेत्रमा यो देशको एउटा अङ्गले प्राप्त गरेको उच्च तथा सम्मानित ठहरिने धरातललाई सार्वजनिक तवरमा अङ्कित गर्‍यो ।

सार्वजनिक संस्थाहरूले सृजनशील परिणाम प्राप्त गर्दै, एकपछि अर्को सफलता प्राप्त गर्दै संस्थागत विकास गर्दै जाँदा आफ्ना संस्थाहरू र पदाधिकारीभन्दा पनि उच्चतर र सम्मानित हुँदै जान्छन्, राष्ट्रलाई निर्देशनकारी भूमिकायुक्त संस्थामा परिणत हुँदै जान्छन् । संस्थाले त्यसरी ऊर्ध्वगामी जीवनी ऊर्जाको विकास गर्दै जाँदा त्यसलाई शैशवकालमा माता-पिताबाट प्राप्त संरक्षण क्रमश: घटाउँदै लैजानु र आफ्नै राष्ट्रिय खुट्टामा उभिने बनाउनुपर्छ, झन् झन् आमाको काखमा सीमित तुल्याउनाले सन्तानको स्वाभाविक विकासमा बाधा पर्ने जस्तै सम्भावना बढ्छ ।

असोज १५ को मदन पुरस्कार गुठीको समारोह श्री केदारमान व्यथितको ओजस्वी र मनोहारी नयाँ कविता बडा गुरुज्यू श्री अम्बिका प्रसादको सर्वतोमुखी प्रभावोत्पादक अद्भुत बोलन, गरिमायुक्त प्रवचन र सरूभक्तको साहसिक प्रष्टोक्ति तथा चिन्तनपरक उत्साहद्वारा ओतप्रोत अभिव्यक्तिले गर्दा ऐतिहासिक महत्त्वको हुन गएको थियो । नयाँ स्थापित 'सीताराम पुरस्कार' तथा 'भारती खरेल पुरस्कार'लाई समारोहमा म. पु. गुठीद्वारा स्वागत र अनुमोदन गरिनु नेपाली वाङ्मय श्रीवृद्धिमा देखिने समर्पणभाव र प्रयासप्रति त्यो संस्थामा रहेको निष्ठावान् र सहिष्णु सद्भावको अभिव्यिक्त ठहरिने छ । यस्तै उदारताका पारस्पारिकताबाट देशमा प्रजातन्त्रको संस्थागत विकासको निम्ति जग निर्माण हुन थाल्छन् ।

## बडा गुरुज्यू

बडा गुरुज्यूको त्यो दिनको प्रत्युत्तरले (यसै अङ्कमा प्रकाशित छ) आफ्नो आफै परिचय त दिएकै छ, कवि र काव्यको विषयलाई लिएर त्यसले यो देशका चिन्तनले प्राप्त गरेको उच्च धरातल समाधानमा सहायक आधारभूत राष्ट्रिय दृष्टिकोणयुक्त (त्यसकारण जुनसुकै सामाजिक क्षेत्रका निम्ति पनि स्वीकार्य, व्यवहारयोग्य र मार्गदर्शनकारी) परम्परा र आधुनिकताबिच समायोजन गरी आन्तरिक विसङ्गतिबाट हरप्रकारले मुक्त वैज्ञानिक प्रस्तुति गरेको छ । उच्चतम चिन्तन र निदिध्यासनबाट मात्र, विषय र समस्याबारे सिद्धान्तनिष्ठ वस्तुनिष्ठ प्रष्टताबाट मात्र त्यस्ता अभिव्यक्ति हुन सक्छन् । अम्बिका प्रसादज्यूका ईश्वरवादी आस्था वहाँको निजात्मक श्रद्धा हो । आफ्ना श्रद्धा र आस्थाका अनुशासनभित्र रही बौद्धिक क्षेत्रका निम्ति स्वीकार्य र व्यवहार्य परिभाषा तथा विश्लेषण र निष्पत्ति प्रस्तुत गरेर वहाँले 'बडा गुरुज्यू' भन्ने आफ्नो पदको गरिमालाई इतिहासमा दृश्य र उल्लेख्य रूपमा उच्चतर तथा प्रतिष्ठित समेत तुल्याउनुभएको छ । बडा गुरुको त्यो प्रवचन विश्व विशाल सभाका स्नातक छात्र सामुको दीक्षान्त भाषण होइन कि राष्ट्रको सर्वोत्कृष्ट बौद्धिक उपस्थितिका सामूहिक चिन्तन निम्ति मार्गदर्शनकारी अभिव्यक्तिको रूपमा म हार्दिक प्रशंसा गर्छु । त्यो प्रवचन नेपालको मेरो पहिले त्यस्तो अनुभव भएको छ, जो आह्लादकारी छ र जुन प्रवचनका निम्ति म मात्र होइन, नेपालबासी हामी सबै विश्वसामु साहसका साथ अभिमान गर्न सक्छौं ।

## केदारमान व्यथित

श्री केदारमान व्यथितको कविताबारे आफ्ना कुनै पूर्व कार्यक्रममा मैले थप्न सक्ने एउटै कुरो मात्र रहेको अनुभव गरें । कवि र काव्य दर्शनबारे बडा गुरुज्यूले जुन प्रस्तुति गर्नुभयो व्यथितले आफ्नो त्यो दिनको कविताद्वारा त्यही दर्शनलाई नेपालमा प्राणवन्त र गतिमान् रहेको प्रमाणित गर्नुभयो । वहाँहरूका आफ्नै छुट्टाछुट्टै सृजनशीलताबाट ती दुई अभिव्यक्ति भएका थिए तापनि दुवै नै समान सन्देशवाही रहेका चार दर्शनको व्यावहारिक रूपमा सार्वकालिकता र शाश्वतता रहन्छ भन्ने नै घत लाग्दो तवरमा प्रकट भयो ।

त्यसमाथि उमेरको नवौं दशकको सँघारमा उभिँदा पनि कवि व्यथितमा युवकोचित कौशल, ओज र जीवन्तता आफ्नो मार्मिक ऊर्जाले ओतप्रोत छ भन्ने सुखद अनुभव मलाई भयो ।

## सरुभक्त र शून्यतावाद

त्यो समारोहमा मदन पुरस्कार ग्रहण गर्दाका सरुभक्तलाई निकै वर्ष पहिले आफूले लेखेको पत्रको सम्झना मलाई भइरह्यो । मेरो सो पत्र सके वहाँले पाउनुभएन । ने. रा. प्र. प्र. मा त्यो वर्ष वहाँको नाटकले वहाँ आफूले ठाने सरहको अनुमोदन नपाएकोमा गुनासो गर्नुभएको थियो । वहाँको त्यस बेलाको प्रतिक्रियाबाट असन्तुष्ट भएर मैले पत्र लेखेको थिएँ ।

आजको सरुभक्त त्यस बेलाभन्दा भिन्न पनि र समान पनि देखिनुहुन्छ । वहाँको यो पटक पुरस्कृत कृति मैले नपढेको हुँदा पुस्तकका सम्बन्धमा म केही भन्न सक्तिनँ ।

समारोहमा भएको वहाँको अभिव्यक्तिमा ओज र विचार थिए तर विसङ्गतिरहित समेत भनी स्वीकार गर्न मलाई अप्ठ्यारो भयो ।

'वाद'को स्रस्टा हुने सोखमा लाग्नु कदापि पनि आलोच्य होइन तर सोखबाट वादको जन्म पनि हुँदैन । आफूले 'शून्यतावाद' को प्रतिपादन गरेको भनी वहाँले बताउनुभयो । 'शून्यतावाद' भन्ने शब्द आफैं नै आन्तरिक विसङ्गतियुक्त ठहरिन्छ । त्यसै कारण शून्यतावादतिरका प्रत्येक प्रयासलाई इतिहासको हरेक कारणले सबै ठाउँमा व्यक्तिका अस्थायी तृप्ति प्रयास भन्नेमा सीमित राखेर समाजमा व्यवहार निम्ति अयोग्य ठान्दै अन्ततोगत्वा इन्कार नै गर्दै आयो । आयामवाद, तरलतावाद, अस्वीकृत जमात, अमलेख आदिआदि जस्ता निजात्मक परिचय प्रत्याशित भन्दा बढ्ता केही अथवा फरक केही होइनन् त्यस्ता स्थापना भन्ने मलाई लाग्छ ।

तैपनि सरुभक्त भनेको यो मुलुकको आजको उदीयमान र चिन्तन तथा प्रयोगपरक प्रतिभा भने अवश्य नै हो । शून्यतावाद भनेको जे ठहरियोस् तर त्यो समारोहमा वहाँबाट प्रस्तुत अभिव्यक्तिहरूमा सृजनशीलताप्रति आकर्षण, मार्मिकता र उच्चस्तरीय शिष्टता तथा आत्मानुशासन थिए ।

## मेरो दुर्दशा

त्यो समारोहमा दुर्दशामा चाहिँ म आफू पुगेको आफैं मैले अनुभव गरैं । कुन्नि किन हो, म नयाँ सुट पैह्रिएर त्यो समारोहमा पुगेको थिएँ, परिणाम के भयो भने म आफू सुटमा परिणत भएँ र मेरो परिचय त्यो सुटले आफ्नो निम्ति लिइदियो । सोह्र वर्ष पहिले मैले सुट भन्ने वस्तु पहिलो पटक

भिर्दा त्यस्तो हुन पाएको थिएन । यो दोस्रो सुटले किन म माथि आफ्नो श्रेष्ठता स्थापित गर्न सक्यो– बुझ्नु नाटक नै छ ।

गत वर्ष सुरु चैतमा प्र. म. को चीन भ्रमणमा सँगै जाने आकर्षक औसर पाएको थिएँ । मलाई विमान घाटमा पुऱ्याउन आएका मेरा तेस्रा सुपुत्रले त्यहाँ चीन जान एकत्रित अन्य नेपालीहरूका भन्दा अनाकर्षक पोसाकमा म रहेको छु भन्ने विचार गरेका कारणले मेरो निम्ति नयाँ महँगो, भलाद्मी र सके सुख्यात तुल्याउने महँगो सुट निम्ति मैले सूचीकार छेउ गएर आफूलाई फित्ताले नपाउनुपऱ्यो । ती सबै अनुभवबाट विचित्र मान्दै म गुज्रिएँ । सत्य हो, सके पास्नी हुँदा आफ्नो थाङ्नोबाट पेटेभोटोमा म सारिएपछि र पछिपछि सूचीकार्नी दिदीले मलाई बारम्बार छेकिन् होलिन्, झन् पछिपछि ती कलाकार स्रष्टाहरूले मलाई कपडा च्यात्दै नाप्ने काम सुरु गरेका पनि थिए होलान् । यसपालि नयाँ सुटका निम्ति म सिन्थेटिक फित्ताले नापिएँ । छाती बढेछ, पेट घटेछ, हात लामो भएको ठहरिएन । सौभाग्यवश टोपी सिउनुपरेको थिएन, नत्र मैले आफ्नो गिदी-बाकस टाउको पनि मैले नपाउनुपर्ने थियो ।

सूचीकारले मेरो नाप लिएको प्रति मैले यसरी असन्तोष जाहेर गर्न खोजेको चाहिँ होइन । 'यो देशमा राजा, मन्त्री, गुरु, पुरेत र पण्डितहरू सबै मेरा सामु मौकामौकामा नतमस्तक हुने गर्छन्' भनी एउटा नाउले गर्वोक्ति गरेको कथा मैले बाल्यकालमा पढेको अझै सम्झिन्छु । म नापिनु ठुलो कुरो होइन कि उचित कुरो हो । म त के एक पटक त मेरो यो

घर नै नापिएर ठुलो ठहरिएको थियो भन्ने मैले सम्झिराखेको छु ।

नापेर तयार भएपछि उपयोग गर्ने कर्तव्य पालन गर्न नयाँ सुट अनुकूल घाँटीमा दाम्लो समेत बाँधी कालो जुत्तालाई झन् टल्काएर म मदन पुरस्कारको रातो बगैँचामा त्यो दिन पुगेँ । अनि पो सुटको महत्त्व थाहा हुन थाल्यो । कसैले पट्ठो, कसैले दस उमेर घटेको, कसैले पराक्रमी भएको, कसैले 'ड्याण्डी' रूपको देखे मलाई । म चाहिँ नुन खाएको कुखुरो, नत्र रुझेको बिरालो झैँ अनुभव गरिरहेँ । खुसी पनि लाग्यो । बितेका त्रियासी लाख उनान्सय हजार नौ सय उनान्सय जुनी मध्ये कुनैमा कुखुरो र अर्कोमा बिरालो अवश्य भएको थिएँ हुँला म । त्यस बेलाका अनुभव मानव जुनीमा सुट पैह्रिएर ढाँचा पार्ने शुभावसर आफ्नो जीवनमा अन्य कसैले के पाएको होला । कसो त्यस बेला त्यहाँ स्वर्गीय विष्णु धितालले मलाई पनि छोटो भाषण गर्न आह्वान गरेनन्, नत्र त्यो सुटभित्रबाट छोटो मात्र किन, नीच नै भाषण गर्न बेर लगाउने थिइनँ ।

सुट पैह्रिएपछि आफ्नो उमेर दस वर्ष घटेको बारे त्यहाँ सुन्दा मैले हाँस्दै ङिच्च दाँत देखाएको थिएँ र मलाई झ्वाट्ट पाकिस्तानका पहिला परराष्ट्र मन्त्री फिरोज खाँका तुनको कुरा सम्झिएको थिएँ । तिनीसित सोह्र सय कमिज, आठ सय दाम्ला र चार सय जोर सुट रहेका बारे सन् ५० तिर होला मैले अखबारमा पढेको थिएँ । विचराको उमेर प्रत्येक नयाँ सुटमा कुन दरले घटेको थियो होला । मसित अझ सात जोर सुट भएको भए मेरो उमेर घट्दै गर्छ आफू जन्मिन अझै दस वर्ष पर्खिने दुर्दशामा पुग्नुपर्ने थियो, यो सुटले गर्दा जति घटेको होस् भइगयो, आइन्दा म आफ्नो उमेर घटाउने छैन, झन् नयाँ पट्ठो

देखिएर न कुनै पट्टीलाई लोभ्याउने छु न पत्नीमा शङ्का बढाउने छु भन्ने निर्णय गरी सन्तोष धारण गरेरै छाडी बडा गुरुज्यूको भाषण सुनिरहें ।

ज्ञानार्जन र अध्ययन भनेको के हो र कसरी गर्ने ? एउटा प्राकृतिक पद्धति हो अर्को शिक्षा पद्धति । प्राकृतिकलाई पद्धति भन्दा पनि स्वभावजन्य भनेमा बढी उपयुक्त होला । जन्म पाउनासाथ प्रत्येक प्राणधारी जीवन धारण गर्न र निश्चित अघिपछि आफू जस्तै अर्कोलाई जन्म दिने र जातिकै अस्तित्वलाई लम्ब्याउँदै जान थाल्छ । त्यसो गर्दा आइपर्ने बाधाहरूलाई पन्छाउने प्रक्रिया पनि त्यसबाट जीवन धारण प्रक्रिया अन्तर्गत स्वतः सम्पन्न हुँदै जान्छन् । आफ्नो समय पुगेपछि त्यस्ता अस्तित्वका जीवनका अन्त्य हुन्छन् । मनुष्य व्यतिरेक सबै प्राणधारीको जीवन र गति यही हो । यो पद्धतिमा ब्याक्टेरिया र भाइरसका अस्तित्व न्यूनतम क्षणका र कछुवाको जीवन तिन सय वर्षसम्मको हुन सक्छ । केही वनस्पति हजार वर्षसम्म पनि बाँच्छन् ।

ज्ञानार्जनको शिक्षा पद्धति मानव जातिको आफ्नो विशेषता हो । हुन त बाँदर्नीले आफ्ना बच्चालाई सिकाएको र बच्चाले गल्ती गर्दा आमा चाहिँले कान निमोठिदिएर सजाय दिएको मैले स्वयम्भूमा एक दिन आफैले देखेको थिएँ । शिक्षा त्यस्तो उच्चतम सचेत कोसिस हो, जसले अभ्यासको रूपमा बानी आवश्यक र अनावश्यकलाई छुट्याउने ग्रहणशीलता, धरातलको परिमार्जन निम्ति अज्ञानलाई नै ज्ञान ठान्ने अन्धविश्वासबाट मुक्ति, परम्परागत संस्कारप्रति स्पृहाहीन निरपेक्षता, विशेषको सम्पूर्ण प्रयोग गर्ने विवेचनाशीलता, सम्बन्धित विषयबारे उठेका प्रत्येक प्रश्नप्रति पूर्वाग्रह रहित

संवेदनशीलता र सत्य ज्ञानको स्वार्थमा आफ्नै पूर्वज्ञानमा संशोधन न त त्यसको परित्यागसम्म गर्ने तत्परता आदिको समग्र अपेक्षा गर्छ । आफ्नै प्रत्येक ज्ञानमाथि प्रश्न गर्दै जानु शिक्षा र ज्ञानार्जनको अनिवार्य पूर्वसर्त हो ।

यो समष्टिलाई ध्यानमा राख्ता म ज्ञानलाई कठोरतम मानसिक र चारित्रिक अनुशासन ठान्छु । जो विचार गरेर हिँड्छन्, तिनका ज्ञान र अन्धविश्वासबिच विशेष अन्तर रहँदैन । तर जो आफैंसित प्रश्न गर्दै र आफैलाई झन् झन् सन्तोषपूर्ण उत्तर दिँदै अघि बढ्दै जान्छन्, ज्ञानका अधिकारी र स्वामी तिनीहरू नै हुन् ।



# गद्दीत्यागको भाषण

*– कमल दीक्षित*

राणा श्री ३ हरू बोल्थे समयसमयमा, आफूलाई परेको बेला, टुँडिखेल खरीको बोटबाट । औपचारिक हुन्थे ती भाषणहरू । कल्ले लेख्थ्यो त्यो थाहा छैन, तर तिनका अभिलेखहरू पाइन्छन् यदाकदा मुद्रित रूपमा या गोरखापत्रमा छापिएका । मपुपु-मा एउटा त्यस्तो भाषण छ तर हस्तलिखित, राम्रा अक्षरमा लेखिएको । त्यसो त अर्को एउटा हस्ताक्षर भएको यस्तै अभिभाषण हामीले पाई अघि नै प्रकाशित पनि गरिसकेका थियौँ 'चन्द्रज्योति' (२०४१) मा, त्यो त महाराज चन्द्र शमशेरले आफ्नै हातले लेखेका थिए । यो भाषण भने जुद्ध शमशेर महाराजको हो तर यो उनको हस्ताक्षरमा छैन । राम्रा मिलेका अक्षरमा कुनै जान्ने मान्छेले लेखेको दस्तावेज छ यो ९ पृष्ठको ..... ।

मैले 'नेपाली' त्रैमासिकको दोस्रो पृष्ठमा छाप्न तयार गर्न लागेको 'मपुपु-को पाना'को यो लेखोट त्यहीँनिर आइपुगेर रोकियो । अघि बढ्न सकेन । दुई-तिनओटा कुराले रोके मलाई । पैलो त त्यो नौ-पेजी भाषण महाराज जुद्ध शमशेरले साँच्चै पढेका होलान् ? पढेका भए गोरखापत्रमा होला, हेरूँ भनेर २००२ साल मङ्सिर १४ पछिको त्यो गोरखापत्र खोज्न पुस्तकालयमा पसेँ । गोरखापत्रका पुराना फाइल पल्टाएँ (साइबर कपी, कम्प्युटरमा) तर, त्यो देखिएन । १४ गतेपछि निस्कनुपर्ने अर्धसाप्ताहिक गोरखापत्रको १५ र १९ मङ्सिरको अङ्क मपुपु-मा रहेनछ । त्यसपछिको अङ्क भने छ २२

गतेको । ती अङ्क किन छैनन् हाम्रो सङ्कलनमा भन्नेपट्टि नलागेर म खोला धाउनेतिर लागैं । अर्थात् गएँ गोरखापत्रकै शरणमा । त्यहाँका जिएम कपिल घिमिरे मेरा पुराना मित्र हुन् । मैले उनलाई आफ्नो समस्या बताएँ । उनले त्यसलाई सजिलै समाधान गरिदिए । मलाई त्यो १९ गतेको गो. प. मा भएको जुद्ध शमशेर महाराजको भाषणको पूरै अङ्क फोटोकपी उतार्न लगाएर पठाइदिए । सबै पढैं । तर त्यसले मेरो समस्या सुल्झाउने सट्टा अझ उल्झाइदियो । यो भाषणसँग त्यो १९ गतेको भाषण त एक अक्षर पनि मिल्दैन । के मिलोस् ? गो.प. को त्यो भाषण त जुद्ध शमशेरले अलि अघि नै कार्तिक २७ गते (टुँडिखेलमा ?) दिएको चाहिँ पो परेछ । त्यसो भए के गोरखापत्रले 'राजर्षि' भएर गएका महाराजको त्यो गद्दीत्यागको भाषण छाप्दै छापेन ? अचम्म लाग्यो ।

दिएको भए त्यो भाषण १५ गतेको गोरखापत्रमा छापिनुपर्थ्यो तर छैन । त्यस दिनको गोरखापत्रमा जुद्ध शमशेरले छोडेको र पद्म शमशेरले राजकाज सम्हालेको खबर मुखपृष्ठमा भव्यतासाथ छापेको छ । त्यति गरेर पनि राजकाज छाड्दा उनले दिएको भाषण गोरखापत्रले छापेनछ । त्यसपछि निस्कने १९ मङ्सिरको गोरखापत्रमा (माथि भने जस्तै) जुद्ध शमशेरको त्यसअघिको कार्तिक २७ को भाषण पूरै अङ्क आठै पेज भरेर छाप्ने गोरखापत्रले महाराजको गद्दीत्यागको त्यो महत्त्वपूर्ण भाषणलाई चाहिँ पुरै बेवास्ता गरेर छाप्दै छापेनछ । त्यो देख्दा जुद्ध शमशेरले त्यस दिन त्यो भाषण नै पढेनछन् कि भन्ने पनि शङ्का भयो । तर होइन, पढेका रहेछन् । किनभने गोरखापत्रले नै समाचार दिएको छ 'महाराज प्रभुबाट एउटा सारगर्भित भाषण बक्सियो' भनेर । २००२ साल मङ्सिर १५

गते शुक्रबारको त्यो समाचारको लेखोट सारै मार्मिक लाग्छ । किनभने त्यो लेखाइमा सम्पादक प्रेमराज शर्माको सम्पादकीय सुझबुझ सबै प्रयोग भएको देखिन्छ । विचार गरूँ– नेपाल देशको सबभन्दा शक्तिशाली श्री ३ दुई जना एकै ठाउँमा छन् त्यस दिन सिंहदरबारमा । त्यस्ताका बारेमा लेख्नु छ– एउटा अस्ताउँदै छन्, अर्का उदाउँदा । दुवैमा कुनैको पनि इज्जत र मानमनितोमा कमबेसी देखिनु हुँदैन खबर लेख्ने क्रममा । तरबारको धारमा हिंडे जस्तो भएको थियो होला प्रेमराजलाई । तर उनको चातुर्य हेरूँ– उनले कसरी सन्तुलन मिलाएर समाचार लेखे । शीर्षक दिए– "राजर्षि श्री ३ जुद्ध महाप्रभुको अवकाश ग्रहण– पछि श्री ३ महाराज पद्म शमशेर जङ्गबहादुर राणा ।" शीर्षक मात्र होइन, समाचारका जम्मा १८ पङ्क्तिले त्यो पहिलो पृष्ठ भरिएको पुरै बेहोरा त्यत्तिकै बुद्धि पुऱ्याएर लेखिएको छ । त्यो पढिहेरूँ :

"काठमाण्डौ, मार्ग १४ गते आज दिउसोको १:४५ बजे नेपालका प्राइम्मिनिष्टर श्री ३ महाराज जुद्ध शमशेर जङ्गबहादुर राणाबाट आफ्ना बाहुलीले प्राइम्मिनिष्टरको श्रीपेच श्री कम्याण्डर इनचिफ (वर्तमान श्री ३ महाराज) पद्म शमशेर जङ्गबहादुर राणालाई पहिराइदिबक्स्यो । सुनका तोडा सम्मका निजामती, जङ्गी अफिसर पगरीहरूलाई दिनको १२ बजे सिंहदरबारमा हाजिरी थियो । अन्दाजी १ बजेतिर श्री ३ जुद्ध प्रभुबाट एउटा सारगर्भित भाषण बक्स्यो । सो भाषण सुन्दा त्यहाँ उपस्थित मानिसका आँखाभरि आँसू नपार्ने कोही थिएनन् । मौसूफको भाषण सकिएपछि कम्याण्डर इनचिफका हैसियतले वर्तमान श्री ३ महाराज पद्म शमशेर जङ्गबहादुर राणाबाट रुँदै रुँदै कृतज्ञताको एउटा भाषण बक्स्यो । १:५५ बजेको शुभ

मुहूर्तमा १३ वर्ष २ महिना १६ दिनको सुशासन पछि ७१ वर्षको उमेरमा श्री ३ जुद्ध प्रभुबाट वर्तमान श्री ३ महाराजलाई श्रीपेच पहिराइदिबक्स्यो आफूले चाहिँ राजकाजको कामबाट विश्राम लिइबक्स्यो । २:१५ बजेको समयमा जम्मा भएका भाइभारदार अफिस पगरीहरूसँग हँस्याइलो मुहारले बिदावारी भै रिडीतर्फको सवारीलाई सिंहदरबारबाट प्रस्थान गरिबक्स्यो । मेरो एकान्त जीवनमा मलाई कसैले चिठीपत्र नपठाउनू भन्ने आदेश पनि श्री ३ जुद्धबाट आफ्नो भाषणमा बक्सिएको थियो ।

उहाँपछि वर्तमान श्री ३ महाराज पद्म शमशेर जङ्गबहादुर राणाको उपस्थित दुनियाँ भाइभारदार आफिसरहरूले जय-जयकार मनाए । प्रत्येक जय-जयकारमा बाहुली जोडेर श्री ३ महाराजबाट नमस्कार गरिबक्स्यो । 'राजा भनेका दुनियाँको नोकर हो, मैले आफूलाई तिमीहरूको नोकर भन्ने सम्झेको छु' इत्यादि हुकुम पनि भो । ४ बजे श्री ३ महाराजको सवारी सिंहदरबारबाट विशालनगर दरबारतर्फ भयो ।

(भाषणहरू पछि –सम्पादक)"*

---

* *यस सन्दर्भमा इतिहासकार पुरुषोत्तम शमशेरले मलाई बताएको यसैसँग सम्बन्धित, करिब एक हप्तापछि बुटवलमा भएको घटनाको उल्लेख गर्नु उपयुक्त लाग्यो । 'राजर्षि भएका जुद्ध शमशेर महाराज रिडी जाने क्रममा पाल्पा उक्लनु अघि बुटवल पुगेका थिए । पाल्पाका गभर्नर पश्चिमतर्फका कम्यान्डर इनचिफ बडाहाकिम जनरल रुद्र शमशेर जाडो छल्न भनी त्यति बेला बटौली झरेका थिए । उनीहरू राजर्षि महाराजको दर्शन गर्न बाटामा कुरिरहेका थिए । जुद्ध शमशेरले रुद्र शमशेरलाई देख्नासाथ मोटरबाट ओर्लेर भने— "हेर काइँला, कस्तो नालायकलाई नेपाल*

कत्रो सन्तुलन मिलाउनुपरेको थियो सम्पादकलाई यो समाचार बनाउन राम्रै बुझ्न सकिन्छ । तर यहाँनिर जति सन्तुलित हुन खोजे पनि नेपालको 'बलेको आगो ताप्ने' प्रवृत्तिले होला सम्पादकले पछि त्यो समन्वय गर्न सकेको देखिएन । किनभने यो समाचारको क्रममा जुद्ध शमशेरको भाषणको जति प्रशंसा गरे पनि सम्पादकले उक्त भाषण गोरखापत्रमा छाप्दै छापेनन् । हामीले मपुपु-मा त्यो कपी नपाएको भए जुद्ध शमशेरको गद्दीत्यागको त्यो मार्मिक वक्तव्य इतिहासबाटै गायब हुने रहेछ ।

अब प्रश्न उठ्छ ९ पृष्ठको त्यो मसिनो एक्सरसाइज कापी मपुपु-मा अइपुग्यो कसरी र कहाँबाट ? मदन शमशेर या महारानी बालकुमारीको तहबिल या कागजपत्रसँग आएको होइन यो जुद्ध शमशेरको अभिलेख । मेरो सम्झनाले काम गरेन यहाँ र अनुमान लगाउनुपर्‍यो । अनुमानले मलाई कोमलनाथ अधिकारीतिर तान्यो । कोमलनाथ महाराज जुद्ध शमशेरका भित्रिया पण्डित भएका थिए– पत्यारका मान्छे, 'कोमलगीता' छापिएपछि । महाराजका गोप्य कागजपत्र लेख्ने/सार्ने काम उनले पाउँथे । त्यसको एउटा प्रमाण हामीले पाइसकेका छौं 'खुर्पाको बिंड'मा । 'जङ्गबहादुरका नेकीका काम' बारे लेख्दा मैले भनेको छु– त्यो लेखौट जुद्ध शमशेरको अह्राट बमोजिम

---

*सुम्पेर आएछु मैले ! दुनियाँदारलाई नमस्ते गर्दै म तिमीहर्को नोकर हुँ" भन्दै हिँड्दो रहेछ त्यो !" जुद्ध शमशेरको त्यो उद्गारको औचित्यभन्दा पनि गोरखापत्रको मुखपृष्ठको यो समाचारको मर्म यस उद्गारसँग ठ्याक्कै मिलेको देख्दा उदेक लाग्छ । — क.दी.*

उनले सारेर राखेका, उनैले मलाई दिएका हुन् भनी । त्यसैका साथ यो कपी पनि मलाई उनले उसै बेला दिएको हुन सक्छ ।

जुद्ध शमशेरको गद्दीत्यागको त्यो भाषण महाराजले नै पढ्नका लागि कोमलनाथले राम्रा सग्ला अक्षरमा लेखिराखेको हुनु धेरै सम्भव छ । तर पक्का भन्न म असमर्थ छु । त्यसैले अब बढी मीनमेख नगरी त्यो भाषण नै पढूँ– प्रेमराजको भाखामा त्यो 'आँखाभरि आँसु पार्ने' अभिलेख– रुवाउने गद्दीत्यागको भाषण !

(अब त्यो भाषण पढूँ: मपुपुको ह–४२८) ।

श्री:

(१)

(सं० २००२ मार्ग १४ गते)

श्री ३ युद्धसंशेर बाट बक्सेको भाषण। "

कम्याण्डर इनचीफ, जङ्गीलाट प्रभृति छोरा नाती हरू गुरुज्यू भाइ भारादार,

सैनिक वर्ग, प्रजावर्गहरूहो !

आफ्नू मनमा उठायेको मोटाविचारलाई सबको अगाडि प्रकट गर्नाको निमित्त सबैलाई आज यहाँ जम्मा गरेकोहूं, एकछिन सबैको ध्यान यतातिर लाग्नैछ।"

मैले नेपालको राजकाजको अभिभारा उठायेको १३ वर्ष २ महिना २८ दिन बित्यो। यस राज्यको बागडोर हातमा लियेदेखि, प्रजाको सुख शान्ति र राजा र मुलुकको खिरखाफ र भलाईको खातिर, आफ्नू देशको हैसियत र बुद्धिले भेट्टायेसम्म, त्यसतर्फ ध्यान दिई, बीचबीचमा पर्न आयेका दैवी सङ्कट टिकर, समाली, उन्नति जो जती गर्न सकेकाछू, सो सबैलाई थाहैछ। केही दिन अगाडि दियेको इस्पीच बाट पनी सबैले बुझेकै होलान्। मित्रराष्ट्र सँगको दोस्तीलाई पनी हुनसकेसम्म बलियो गराउँदै मुलुकको जग दृढ गराउन यत्न पनी कम गरेजस्तो लाग्दैन। यही उद्देश्यले विश्वव्यापी महायुद्धमा फसेका मित्रराष्ट्रको सहायताको खातिर बिदेशमा पठाइयेका आफ्ना फौजहरु पनी श्री पशुपतिनाथ का कृपाले सुयशद्वारा मुलुकको नाम राखी हाले फर्केर आयेका हुनाले चिन्तादूर गरी विजयको उत्सवको खुसी मनाउन पाइरहेका छौं यही परिश्रम र दृढ मित्रताको फलस्वरुपमा नेपालसरकारलाई मालियाना दसलाखको आमदानी पुग्याउनाको निमित्त,

चाहिने एकमुष्ठ मूलधन ब्रिटिस सर्कार बाट हामीलाई आउने भयेको बाहेक यही कार्तिक २८ गते बृटिस मिनिष्टरले दियेको इस्पीच तिमीहरुले सुनी हाल्यौ मुलुकको औद्योगिक कामहरु बढाउनाको निमित्त पूंजीको अभाव भैरहेको हामीहरुलाई यसबाट बहुतै सहायता हुने भयेको र मुलुकको आर्थिक उन्नति का साथ साथै सरकारको आमदानी पनी धेरै बढाउन सकिने साधन हासिल गरिदियेकोछ, यो कं सन्तोषको कुरा होइन, ईश्वरका दयाले मेरो सन्तानको कमी छैन, ७१ वर्षको उमेर भैसक्यो तापनी उत्साह साथ आफ्नू कर्तव्यको पालन पनी गरी रहेकै छु, नेपाल राज्यको सञ्चालन गर्ने बाहेक मेरो हातमा मजबूतीसाथ रहीरहेकै छ श्रीपशुपतिनाथका अनुग्रहले मलाइ सबतर्फबाट आनन्द सन्तोषको बाटो खुलेको हुनाले, रत्तिभर पनी मलाई मनमा ग्लानि र वैराग्य उठाउनु पर्ने कारण कहीं छैन, यो सबै विचार तिमीहरुले गरेकै होला ऊ, हुनता मानिसहरुका संसार तर्फबाट वैराग्य धेरै लाइ ~~भयेका~~ भयेको देखिन्छ, झञ्झट खराप परि स्थिति पर्ने आयेमा वैराग्य उत्पन्न हुनु स्वाभाविक कुरा हो, परन्तु मलाई यस कुरा (हरुबाट) त हु बाट रत्ती भने बमोजिम सबै भरपूर भयेको हुनाले यस्तो अवस्थामा त्याग गर्ने इच्छा हुन आयो, यो उत्पन्न भयेको कारण मुख्य दुइटा हो, पहिलो कारण मेरा उत्तराधिकारी, मेरै दाज्यूका छोराहरु र मेरा छोराहरु पनी प्रायः धेरै अनुभवी र लायक छन्, धेरै दिन देखि परिश्रम साथ कामकाज गर्दै आये का हुनाले कर्तव्यको अनुभव पनी इनीहरुमा बढ्दै आयेको छ, अनुकूल छन्, सुयोग्य छन्, विशेष गरेर ज्ञानी छोरा कस्यापाइर इन दोषदि पछिल्ला शेर जङ्गको धर्ममा श्रद्धा छ कालको प्रभावले शिथिल हुँदै आयेको धर्म के

गौरव, इनले केहुनर्दिने छैनन् भन्ने मलाई विश्वासछ, धर्मको आड मा भयेको सुशासनलेनै प्रजाहरूको सुखशान्तिमा मद्दत गर्ने हुन्छ, उन्को श्रीरामचन्द्र जीमा विशेष भक्तिहुनाले भक्तको हृदयमा आराध्यदेवताको प्रभाव पर्न गई इनले गरेको राज्यको प्रबन्धमा रामराज्यको केहीनकेही छाप बस्येछ, मातृभूमीको प्रेम पनी बढ्दै जानेछ भन्ने मलाई उमेदछ, यसै पछीका उत्तराधिकारी अरुहरूपनी सुयोग्य देखियेकाहुनाले आफ्नू शिरको भार यी सुयोग्य पुरुषहरूका शिरमा बिसाई फुर्सत लिने सुअवसर, रेल्हे मैले पायें, दोस्रो कारण, "हो, मरेल्हे सम्म सवैतरह बाट समर्थछु, तर, संसार परिवर्तनशीलछ, एकदङ्गार सित कुनैवस्तु पछीसम्म टिकेर रहनसक्तैन अनित्यछ, राजकाजको काममा सवै सात्विक कर्म मात्र गरेर निर्वाह हुँदैन, राजस तामस कामपनी परि आउने हुन्छन्, अवस्था अनुसार राज धर्मको पालन गर्नै पर्दछ, जिन्दगीको आखिरी सम्म राज काजकै प्रबन्धमा फसीरहेर परलोकको सामल कतिजम्मा गर्न सकियेलार? यहाँको समय भन्दा परलोकको समय छोटो छैन, जहाँसम्म शरीरमा बल र मनमा उत्साह बाँकी रहन्छ त्यहीं सम्म आत्माको शान्तिमार्ग उज्वल गर्नमके मात्र उद्धार हुन सक्ने देखिन्छ, बुढ्याजीले ग्रस्त भयेर हलचल गर्न नसक्ने भई सकेपछी के कति साध्य सकियेलार, कमलको पातमा रहेको बूँद जस्तै जीवन ढलमलछ, जातस्य हि ध्रुवो मृत्युः, भनी जीवनको पछि पछि मृत्यु जोडियेकैछ, आँखा झिमिकनाको साथ, सवै धनजनमान शरीर सम्म पनी चटक्क छोडी सबैले जानै पर्दछ, परलोक यात्री भयेको जीवात्माको साथमा लाग्ने केवल एउटा धर्म छ भन्दछन् ".........................."

एकएव सुहृद्धर्मो निधनेऽप्यनुयाति यः ॥
शरीरेण समं नाशं सर्वमन्यत्तु गच्छति ॥ ॥

भनी शास्त्रमा पनी लेखेको छ । परिणाम मा काम दिने मङ्गमित्र त्यही हो । धर्मको रक्षा लेने आफ्नू रक्षा हुने रहेछ, एल्है ७१ बर्ष को भई सके । यति समय भित्रमा जो सके को धर्म कर्म गरी रहेकै छु । तापनि उराये को राज कार्यमा तत्पर रही रहनु पर्ने हुनाले आत्मालाई शान्ति क्षामको बाटो त्यत्ति को देखा उन सके को छैन । त्यसैले अब व्यवहार को प्रपञ्च बाट फुर्सत लिई जति गर्न सकियेला आफू लाई परमार्थ तर्फ लगाउने उपाय मा लाग्ने मौका देखें । यस लोक को स्वार्थ मात्र मा धेर मनुष्य वा ला को कर्तव्य पुरा हुन सक्तैन । पारमार्थिक स्वार्थ पनि साध्नै पर्दछ । पुरुषार्थ परमार्थ जसले दुवै साध्न सक्तछ, त्यसैलाई असल पुरुष भन्दछन् ।

शैशवेऽभ्यस्त विद्यानां यौवने विषयैषिणाम् ॥
वार्धक्ये मुनिवृत्तीनां योगेनान्ते तनुत्यजाम् ॥ ॥

भनी अघी अघीका क्षत्रिय राजाहरुले पनी आफ्नू राजकाज को कर्तव्य अघिल्लो उमेर सम्म गरी ढल्के को उमेरमा आफ्नू भार सुयोग्य उत्तराधिकारी का शिरमा सुम्पी एकान्तबास गरी मुनिवृत्ति मा रहे को इतिहास मा पाइन्छ । हाम्रा पहिले का पूर्व पुरुष क्षत्रिय राजर्षि हरु को यही आदर्श थियो । यही कुलब्रत थियो काल अवस्था शक्ति अनुसार पूर्ण रुपमा पालन गर्न नसकिये पनी जो जति सकियेला त्यही मार्ग को अनुसरण गरी आफ्नू आत्मालाई परमात्मा का छायामा विश्राम दिनु असल ठहराजें । यसैले यस्ता सुयोग्य उत्तराधिकारी पाये को मौका मा यो राज कार्य को भार बिसाई आत्म विश्राम लिनाले प्रजा को पनि मेरो पनी दोहोरै

कल्याण हुने देखि मैले आजसम्म बोकेको अभिभार. नानी कम्याण्डर. इन चीफ. पद्मसंशेर. जङ्गका शिरमा बिसाई. आफूले. फुर्सत लिने. इच्छा गरेकाहूँ ' यो. मेरो. सत्. इच्छामा. सबैले. अनु मोदन गर्नेछौ भन्ने मलाई लाग्छ. ,, ,,

प्यारा नानी. छोरा. कम्याण्डर. इन चीफ.

पद्मसंशेर !

अघीको महासमरमा. पल्टन लिई. जङ्गी विषयको कामर. पछी. कम्याण्डर इन चीफ मै. मुलुक सम्बन्धी काम समेत गरी. हामीलाई प्रसन्न समेत गरायेका हुनाले. बीचमा केही. खड्बड़ हुन गै. हामीले. योग्य सुधार गरी. दियेको. रोल बमोजिम्. यो राज्यको. अभिभार. यो सुमुहूर्तमा. आज देखि. मैले. तिम्रा. शिरमा. सुंपिन ओंटे, यो बोझ. साधारण होइन. सोंहने गरुङ्गो छ. जसको शिरमा पर्दछ. उसले मात्र. अनुभव गर्दछ. ब्रह्माको जस्तो. चारैतिर. मोहड़ा, इन्द्रकोझैं हजार आँखा. कार्तवीर्यकोझैं सहस्र बाहु. भयेर. सम्हाल्नु पर्दछ. ,,

हाम्रा कुलदीपक. श्री ३ महाराज. जङ्गबहादुर. बाट बाँधीबक्सेका. स्थितिरीतिबमोजिम. राजालाई. शिरमा. प्रजालाई. काखमा राखी. धर्मको आड़मा. यो राज्यको व्यवस्था चलाउन शक्ति. तिमीलाई. आओस् भन्ने. मेरो हृदयदेखिको. आशीर्वाद छ. ,, ,,

नानी मोहन !

श्री ३ दाजेज्यूका समयमा धेरै वर्ष. हजुरिया मै. काम गर्यौ. जङ्गीलाठ भया जङ्गी निजामति तर्फको. कामको अनुभवले पनी. योग्यता बढाई. राखेका छौ. तिमी. धर्मात्मा छौ. दाज्यैको भक्त पनी छौ. यसले. मलाई सन्तोष लागेको छ. ,,

श्री भरतजोल कै तिमीले दाजीको काम राम्ररी चलाउने छौ, भन्ने मलाई भरोसा छ.

प्यारा बन्धु बान्धव भारादार सैनिक वर्ग प्रजावर्ग हरूको ॥

आजदेखि नेपाल राज्यको भार नाती छोरा, पद्मशमशेर जङ्ग का जिम्मा मैले दिएँ उने छु. अबदेखि उनको हुकुममा चली, राजभक्ति, देशभक्ति, अटल राखी, यो नेपाल हिन्दू राज्यको स्वतन्त्रता लाई धर्मको वेदीमा चिरकाल सम्म अटल गराई राख्ने काममा मद्दत गर्नेछौ भन्ने मैले दृढ निश्चय गरेको छु.

हुनत म सर्वदेखी टाढा हुन गयता पनी धेरै दिनदेखि को माया मोह र प्रेम स्नेह ले रजीरहेको व्यावहारिक वासना एकदम चटक्क छोड्न सकेन छिन तापनी क्रमश: केही दिन को अभ्यासले यसले विश्वासले आत्मानन्द को मन्दिर को सानु तीनु सेवक बन्न सकूं भन्ने अभिलाषाले पुरायाश्रम तिर जान उद्द गरेको छु; "

पुरायाश्रम तिर जाँदा आश्रमा सुत विन्यस्त पत्नीकस्तया वाऽनुगता वनम् ॥ भनी पत्नीलाई छोरा को जिम्मा मा छोड्ने अथवा साथै माले जाने, दुवै पक्ष हुनाले मेरो बालक कालदेखि को सहधर्मिणी पत्नी श्री ३ बडामहारानीलाई पनी संगै लिएर जाने विचार गरेको थिएँ, परन्तु उनको शरीर रोगले साह्रै दुर्बल असक्त हुनाले सल्ले यहीं छोरा हरूका जिम्मामा छोडी जानु पर्‍यो, " माहिला महारानी लाई पनी सुरु को बसाई भएको ले यहीं छोडी जानु पर्‍यो, निज दुर्बल मेरो सेवा गर्न सक्दिन. उल्टो मैले हेर विचार गर्नु पर्ने निजहरूको शारीरिक कष्टमा मलाई पनी कष्ट हुन जाने भै एकान्त वास गर्ने मेरो उद्देश्यमा बाधा पर्न जाने हुनाले तिनै दुवै लाई लैजाने विचार नगरेको हुँ.

छोडेर जाने विरक्तिको ज्ञानको पूरा उदयन हुन. विषयमा रहेका रसको मन-
क्रमैसंग उस्तर्फ लगाउनु पर्ने. त्यसको निमित्त. शरीरको संरक्षण पनि गर्नै
पर्ने हुनाले. अबदेखी मेरो खाने पीने कुरामा समेत. दृष्टि पुर्याई. सुविस्ता
दिई राखेको हुनाले, स्वैहि. कान्छा महारानी. मेरो साथमा जानेभयेको छन्‌
पछिलाई. मेरो शरीर र. परिस्थिति विचार गरी. जसो गर्नु पर्ला गर्नै छु, ,,

नानी. बहादुर !

जागीर समेत छोडी. पाउको. रखवारीमा. आउन पाऊँ. भनी. तिमीले जाहेर गर्नु
सत्पुत्रको कर्तब्य हो, तर, कम्याण्डिङ्ग जनरलको हैसियतमा पुगेका र उम
माथी. मेरा ज्येठा छोरा हुँदा. घरको जेठो बाठो भै, सुमार भाइहरुको हेर्चाह
गर्नु पर्ने हुनाले. मैले यहाँ बाट छुट्याई लैजानु उचित देखिन. तिम्रो ता. देश
सेवा राजसेवा गर्ने वखत छ, उमेद गर्ने उमेर पनी छ. शान्ति राखि. मुलुक
को सेवा द्वारा सुयश पाउन सक्यौ भने. यसैलाई. मुख्य पितृभक्ति सम्झने छु. ,,

छोरा ले.ज. नारायण समशेर क. सुरेन्द्र समशेर. क. शान्त समशेर हरु
ले पनी. साथमा आउन पाऊँ भनी विन्ति गरेका हुन्‌. कान्छा छोरा ले.ज.
नारायण समशेर बडा महारानी संग रहने हुनाले. तीजको टहलका निमित्त. दौड
ने परयो. क. सुरेन्द्र समशेर र. क. शान्त समशेर हरु पनि हुकममा जवान उमेर भएका
कामीज हरु ले, आफ्नू सर्कार र. मात्र भूमिको सेवामा रहनू नै श्रेय हो. ,,
आत्माको सुधार कोलागी यसो. ओहदा त्यागी. शान्ति मार्ग तिर हिँडन लागेको
मलाई. चिट्ठि पत्रको व्यवहार चलाई रहँदा. फेरी मायामोह राग द्वेषको.
वासना हुँजान. हुनाले. अबदेखि चिट्ठि पत्रको व्यवहार मसँग कसैले पनि नगर्नू

नगरैकैमा. म मनुष्य रहनेछू, कदाचित पत्र आयमा पनी. उनगमिल्दैछैन. यस मा. करैले पनी दु:खनमानू. यस बारेमा. पछि हुने पाउमिनिस्टर संगपनी कुरा मिलायेकोछ. धेरै कालदेखि दक्षभंयर रहीरहेको प्रवृत्तिमार्गको वासनालाई घटाउँदै निवृत्तिमार्गको बाटो खुलाउँदै लौजाने साधना गर्नुपर्ने हुनाले सो शाधनाको खातिर. काली गराडकीमै. वा. अन्यत्रजहाँ होस पुण्यतीर्थ को सेवा. पुण्याश्रम को. आश्रय. भ्रमण गरी कालबिताई जति सकियेला ज्ञानमार्ग तिर दिल झुकाउने प्रयत्न गर्ने छु, यही मुलुकमा म जन्मे. यही मुलुकमा बढें. यही मुलुकमा यतिठूलो पदवीमा पुगें. यहाको वस्तु यही छोडी हिंडे, आखीरमा. यही मुलुकमा. बिशेष गरेर कालीगराडकीको तीरमा. कालबिताई अन्त्यसमयमा. यही देशको माटोमा. माटो मिलोस. यही देशका पञ्चतत्त्वमा आफ्ना पञ्चतत्त्व लीन होउन्. भन्ने मेरो अन्तिम अभिलाषाछ, ''

कम्याण्डर इनचीफ. प्रभृति. छोरा नाती. भाइ भारदार. सज्जनहरूहो ! तिमीहरूको धेरै समय मैले लिएं तिमीहरूलाई भन्ने मेरो कुरा पनी भनी सकें. अब. मलाई सबैजनाले ईश्वरको भजन गर्न दे ओ. तिमीहरू सबैलाई. अमल होओस भन्ने यही मेरो शुभइच्छाछ, मेरो मुलुकको शासनको समयमा. मद्दत गर्ने तिमिसबै. सज्जनहरूलाई. मेरो यथायोग्य. धन्यवाद आशीर्वादछ, अब मैले. आफ्नू. सबै. कर्तव्य पूरा गरें, कामकाज गर्दा. केही. तलमाथी पर्न गयेको भये. सबै जनाबाट. क्षमाको भिक्षा मागी. हर्षसाथ. सबैसंग. बिदा वादी हुन्छू, आज यहाँबाट. प्रस्थान गर्नेछु

नमस्ते,

(८)

गुरुज्यू हरुलो ।।

शिष्यको परलोक सुधारोस्, ईश्वरमा भक्ति लागोस, भनि यहि हजुरहरुको आशीर्वाद चाहन्छु, दण्डवत् छ ।।

हे परमेश्वर ।। म अब सबै संग बिदावादी भयेँ, अब केवल हजुरको पाउको आधार मात्र, यो अबोधलाई बाँधिदिनाई चरणमा शरण लिइबक्सियोस,

असतो मा (माँ) सद्गमय,

तमसो मा (माँ) ज्योतिर्गमय

मृत्योर्मा अमृतं पाहि,



*(पृष्ठ २ को बाँकी)*

चिठी हामीले पायौं (मपुपुको हब– ४३२) श्रीमती सरला खकुरेलको सौजन्यबाट । पुष्करनाथ उप्रेतीकी जेठी छोरी र कवि रमेश खकुरेलकी पत्नी हुन् । चिठीका बुँदाहरू माथि टीकाटिप्पणी गर्नु आवश्यक छैन । यसै पनि त्यस्तो मीनमेख गर्नु यस स्तम्भको संहिताभित्र पर्दैन । तर यति भनिराखूँ'– यही एउटा चिठीले पनि भन्छ, धेरै भित्री र गहिरा राजनीतिक कुरा पञ्चायत कालका । चिठी यही हो–

13 Sept 1982

ROYAL NEPALESE EMBASSY २८ भाद्र ०३९.
5300 BONN-BAD GODESBERG - IM HAG 15
TELEPHONE 34 30 97

प्रिय पुष्कर,

श्री भगवानले सपरिवार तेरो कल्याण गरून् । यहाँ हामीहरू सबैलाई सन्चो छ ।

भाद्र १३ गतेको पत्र पाउँदा सारै खुशी लाग्यो । नेपालमा खाद्यान्नको संकटको अवस्थाले गर्दा यहाँ हामीहरूलाई पनि चिन्ता लागेको छ, साथै मलाई त दौडधूप पनि गर्नु परिरहेको छ । खास गरी यूरोपीय आर्थिक समुदायबाट केही खाद्यान्नको सहयोग प्राप्त गर्ने कोशिश गरिरहेको छु । साथै जर्मनी, आस्ट्रिया, हल्याण्डबाट पनि केही सहयोग होला जस्तो छ । मित्रराष्ट्रहरूबाट सहयोग नहुने पनि होइन, तर त्यो पाएको सहयोगको राम्रो सदुपयोग गर्ने चाँहि हाम्रो क्षमता छैन । ११ सालको बाढी पैरो पछि जिल्ला जिल्लामा अमेरिको गहुँ सडेर खेर गएको थियो । पाएको र आफूसँग भएको चीजको व्यवस्था गर्ने हाम्रो योग्यता भएन । सारै दुःखको कुरा छ !

गोरखापत्र र अन्य श्रोतबाट थाहा पाएँ अनु-
सार थापा सरकारको ज्यादै विरोध भएको देखिन्छ। मन्त्री मंडलमा
परिवर्तन गर्ने हल्ला पनि सुनिन्छ। परिवर्तनले खास केही फरक
पर्ला जस्तो मलाई लाग्दैन। कुनै पनि सत्ताको पछाडी राजनीतिक
ताकतको आवश्यकता पर्दछ। पंचायती व्यवस्थाको पछाडी लाखौंलाख
पंच छन्; तर राजनीतिक ताकतको रूपमा भएनन्। व्यवस्थामा यो ठूलो
कमी हो; जुन कमी पूरा नगरी पंचायत दरो हुन सक्दैन।

भूतपूर्व प्रधान मन्त्रीहरूको विचार पनि गो.प.मा पढें।
समाधानको बाटो कसैले देखाएका होइनन्। भएन, भएन भन्नाले मात्र देश बन्दै-
न। आधारभूत कुरा देश नरेश प्रति इमान्दारी र सहयोग चाहियो; विपक्ष
पार्टी भजनटोलीको देखावटी सहयोगले अब काम बन्दैन।

श्री सान्दाइको पनि हालै एउटा पत्र पाएको थिएँ....
ज्यादै निराश भएर लेख्नु भएको छ। आँखाको अपरेशन पनि असफल भयो
भनेर लेख्नु भएको छ। ७० वर्ष पुगिसकेकोले अब बुढ्याइँ पनि लागेको जस्तो छ।
संसारको रफ्तार धेरै अगाडि बढिसकेकोले अब कोठाको ४ दिवार भित्र-
को सोचाइ कामयाब हुन गाह्रो छ।

म जर्मनी आएको २ वर्ष पुग्यो। कूटनीतिक जीवनको
पनि अनुभव भयो। यसभन्दा पनि, पश्चिमी विकसित मुलुकहरूको माझमा
बस्न पाएकोले। चीनीहरूको राज्य संचालन विधिको राम्रो अध्ययन गरिरहे-
को छु। सामाजिक अवस्था चीनीहरूको ज्यादै अगाडि बढिसकेकोले चीनीह-
रूको ढाँचा हामीलाई कामयाब हुन सक्दैन। विश्वका सम्पूर्ण विकासोन्मुख
देशहरूमा प्रजातान्त्रिक शासन प्रणाली फेल हुनाको कारण पनि यही हो।
युरोप अमेरिकाको प्रजातान्त्रिक व्यवस्थाको पछाडी लामो संघर्षको इतिहास छ
लामो त्याग तपस्याको इतिहास छ, साथै ठूलाठूला युद्धमानको इतिहास पनि
छ; यसै पृष्ठभूमिमा उनीहरूको व्यवस्था सफल छ। हामीले एकै पल्ट यत्तिकुरा
खोजेर कहाँ हुन्छ र!

तैंले लेखे अनुसार अब सकेसम्म हामीले जंगलबाट अलग्ग बसी शान्तिको खोजी गर्ने बुद्धिमानी ठान्छु। म पनि यहाँ बसेर यसै कुराको चिन्तन गर्दैछु। तथापि व्यवहार चटक्क छाडेर गाह्रो हुने हुनाले आफ्ना सबैसंगको संपर्क अझै बढाएर। पत्र पाला मंसीर लागि म पनि घर आउँछु। माथिदेखि तलसम्म पल्ट सबैसंग कुरा गर्ने विचार गरेको छु; हेरौं के हुन्छ!

यहाँ घरमा तेरी दुलही, छोराहरू, छोरीहरू र भाइहरू सबैलाई मेरो हार्दिक सम्झना सुनाइदिनु। तैंले बहादुर लाई चिठीको जवाफ किन नदिएको भनी दिनु। तेरो केटाकेटीको ठेगाना पठाइनु, म यहीं चिठी पठाउँला।

ज्यादा पछि।

तेरो भाइ

रामहरि शर्मा

क.दी.



# सम्पादकीय

## यो अङ्क

यो अङ्क अलिकति ऐतिहासिक र अलिकति साहित्यिक सामग्रीले भरिएको देखिने छ । ऐतिहासिकमा यस पटक 'नेपाली' ले एउटा श्रेय लिए हुने देखिन्छ । मदन पुरस्कार पुस्तकालयमा आइपुगेर त्यसै बसेको रहेछ एउटा निकै महत्त्वपूर्ण ऐतिहासिक हस्तलिखित दस्तावेज । तर कसैलाई त्यो वस्तु त्यतिसम्म मूल्यवान् होला भन्ने अन्दाज थिएन । हामीकहाँ त्यसरी लुकेर बसेको त्यो वस्तु ऐले खोजतलास गर्दा के थाहा भयो भने गोरखापत्रले (किन हो) नछापेको महाराज जुद्ध शमशेरको अभिभाषण रहेछ त्यो र ऐले यहाँ प्रकाशित नभएको भए त्यो इतिहासबाटै हराउने रहेछ । यति ६६ वर्ष बेपत्ता भएको त्यो भाषण अत्यन्त महत्त्वपूर्ण रहेछ । जुद्ध शमशेरले आफूले श्री ३ को गद्दी स्वेच्छाले छाडेका हुन् कि कुनै बाध्यताले हो, त्यो हामीलाई थाहा छैन । तर उनले त्यस बेला बोलेका ती कुरा– कुनै व्यङ्ग्य जस्तो, कतै चित्तदुखाइ जस्तो छ र कतै भने उनी रिस जस्तो पनि प्रकट गर्छन्, तर सारै नरम पाराले । कूटनैतिक ढङ्गले त्यो भनेको देखिन्छ । राणा राजकाजको उत्कृष्ट नमुना हो त्यो निःसन्देह । त्यो वस्तु हराएको भए निकै ठुलो कुरा गुम्थ्यो देशको । 'नेपाली' यस्तो ऐतिहासिक वस्तु जोगाउन सफल भएकोमा गौरव बोध गर्दछ ।

## भाषामा बहस

२०६७ सालको पुसमा प्रज्ञा-प्रतिष्ठानले एउटा राम्रो काम गरेछ– नेपाली भाषाको लेखाइमा भएको गन्जागोललाई हटाउन

एउटा सङ्गोष्ठी बोलाएछ । तर त्यति राम्रा कामको पनि उपलब्धि चाहिँ उति राम्रो आएनछ । १९९२ सालमै ने.भा.प्र.स.ले 'ने.क.शु.ले' निकालेर एकरूपता निर्धारण गरे जस्तो गरिदिन अझै सकेनछ प्रज्ञा-प्रतिष्ठानले । हामी त्यसको पर्खाइमा छौं । प्रज्ञा-प्रतिष्ठानको कोश पच्छ्याउन हामीलाई विकल्पको पौल भैदिंदा निकै अन्यौलमा पर्छौं । 'हरेकको आफ्नै नियम' हुने अव्यवस्थाको अन्त्य होस् र एउटा मानक नियम आओस् भन्ने प्रार्थना छ ।

## कवि जन्म शत-वार्षिकी

यो २०६८ सालमा तिन जना नेपाली कवि-लेखकहरूको शत-वार्षिकी मनाइँदै छ । काशीका काशीबहादुर श्रेष्ठको, सिद्धिचरण श्रेष्ठको र भीमनिधि तिवारीको । त्यसो त म्याग्दीका मोहनबहादुर मल्ल र विराटनगरका मातृकाप्रसाद कोइरालाको पनि मनाउनुपर्ने हो । तर उत्तराधिकारीहरूको अभावले होला, ती दुई जनाको शत-वार्षिकी मनाउने गाइँगुइँ कतै सुनिएको छैन । यी पाँच जना मध्ये काशीबहादुरको शत-वार्षिकी सबभन्दा भव्य रूपले भारत र नेपालमा मनाइयो । भारतमा त सरकारको 'साहित्य अकादमी'ले नै गऱ्यो एउटा समारोह वाराणसीमा । भीमनिधि र सिद्धिचरणको नेपालको प्रज्ञा -प्रतिष्ठानले गर्दै छ ।

हामी पनि यी पाँचै जना साहित्यिक महारथीको हार्दिक अभिनन्दन गर्दछौं ।